# राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२

पहिलो संशोधनः २०७५।०२।१६
दोस्रो संशोधनः २०७८।०८।२८

**प्रस्तावना:** राष्ट्रिय युवा नीति, २०७२ अनुरुप मुलुकका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याएका सक्रिय तथा प्रतिभावान युवाहरुलाई तिनीहरुको प्रतिभा एवम् सिर्जनशीलताको कदर गर्दै सकारात्मक सोच एवम् रचनात्मक क्षमताको विकास तथा प्रोत्साहन गर्न प्रदान गरिने राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यलाई समय सापेक्ष प्रभावकारी, व्यवस्थित र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले,

मन्त्रालयले देहायका कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा,-

(क) "प्राथमिकताको समूह" भन्नाले आदिवासी जनजाति वा मधेशी युवालाई सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "युवा समूह" भन्नाले दफा ३ मा उल्लिखित क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका दुई वा सो भन्दा बढी युवाको समूहलाई सम्झनु पर्छ।

(घ) "राष्ट्रिय युवा प्रतिभा सम्मान" भन्नाले दफा ३ मा उल्लिखित क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका युवा, युवा समूह र युवा संघ संस्थाहरुलाई प्रदान गरिने सम्मानलाई सम्झनु पर्छ।

(ङ) "विशेष प्राथमिकताको समूह" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक दलित, मुस्लिम समुदायका, कर्णाली तथा पिछडिएको क्षेत्रका युवालाई सम्झनु पर्छ।

(च) "संघ संस्था" भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भई युवा विकासको क्षेत्रमा कार्यरत संघ संस्थालाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको राष्ट्रिय युवा प्रतिभा छनौट सिफारिस समितिलाई सम्झनु पर्छ ।



CamScanner

## परिच्छेद-२

## राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्र र छनौटका आधार

३. **राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्रः** मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरुमा उत्कृष्ट प्रतिभा प्रदर्शन गर्ने युवा, युवा समुह वा युवा संघ संस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछः-

(क) कृषि/जडिबुटी/लघु उद्यम/वन पैदावार,

(ख) शिक्षा, रोजगारी, उद्यमशीलता,

(ग) विज्ञान तथा प्रविधि, सञ्चार, सूचना प्रविधि,

(घ) पर्यटन प्रवर्द्धन,

(ङ) वातावरण संरक्षण र दिगो विकास,

(च) स्वास्थ्य, सरसफाई तथा सामाजिक सुरक्षा,

(छ) समाज सेवा/स्वयंसेवा,

(ज) कला, संस्कृति, साहित्य सिर्जना, गीत र सङ्गीत (रचना, गायन, वाद्य वादन आदि), खेलकुद र मनोरञ्जन

(झ) साहसिक कार्य,

(ञ) अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा कीर्तिमान कार्य,

(ट) अध्ययन, अनुसन्धान, नवीनता वा सिर्जनशील कार्य,

(ठ) युवा सशक्तीकरण तथा नेतृत्व विकास, युवा सहभागिता,

(ड) दैवी प्रकोप तथा संकट व्यवस्थापन

(ढ) सामाजिक विकास तथा सुधार (लागूपदार्थ तथा दुर्व्यसन नियन्त्रण, मानव तस्करी तथा वेचबिखन, अपराध तथा हिंसा नियन्त्रण वा अन्धविश्वास, महिला हिंसा, जातीय विभेद, छुवाछुत विरुद्धको अभियान)

(ण) सामाजिक, सांस्कृतिक, आर्थिक रुपान्तरणका कार्यमा अन्य योगदान।

४. **छनौटका आधारहरूः** (१) दफा ३ मा उल्लिखित क्षेत्रहरुमध्ये कम्तिमा कुनै एक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने युवा, युवा समूह वा संस्थालाई राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि छनौट गर्न देहायका आधारहरु हुनेछन्ः-

(क) युवा र युवा समूहका लागि न्यूनतम आधारहरुः-

(अ) सोह्रवर्ष पूरा भई चालीस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(आ) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको भनी स्वघोषणा गरेको,

(इ) युवाको हक हितको संरक्षण, सम्वर्द्धन तथा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको।

(ख) संस्थाका लागि न्यूनतम आधारहरुः-

(अ) प्रचलित कानून बमोजिम दर्ता भई अद्यावधिक/नवीकरण भएको,

(आ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई बुझाउनु पर्ने कर लगायत अन्य दायित्व पुरा गरेको,

(इ) युवाको हक हितको संरक्षण, सम्वर्द्धन तथा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,



CamScanner

(ई) कम्तिमा दुई वर्षदेखि सम्बन्धित क्षेत्रमा क्रियाशील रहेको,

(उ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको भनी स्वघोषणा गरेको।

(२) उपदफा (१) को खण्ड (क) र (ख) का आधारमा पूर्व छनौट भएका युवा, युवा समुह वा संस्थालाई देहायका आधारमा मूल्याङ्कन गरिनेछः—

| क.सं. | मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| क | श्रृजनशीलता, मौलिकता, नवीनता, नवप्रवर्तन तथा अनुकरणीय कार्य | २५ |
| ख | अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदांन वा किर्तिमानी कार्य | २० |
| ग | योगदानले पारेको सामाजिक प्रभाव | १५ |
| घ | योगदानले पारेको आर्थिक प्रभाव | १० |
| ङ | योगदानले पिछडिएको भौगोलिक क्षेत्रमा पारेको प्रभाव | १० |
| च | योगदानप्रतिको लगनशीलता र निरन्तरता | १० |
| छ | प्राथमिकता वा विशेष प्राथमिकताको समुहमा पारेको प्रभाव | १० |
| | जम्मा | १०० |

(३) उपदफा (२) बमोजिम मूल्यांकन गर्दा समितिले मूल्यांकनका आधारहरुलाई विस्तृतीकरण गरी मूल्यांकन गर्न सक्नेछ।

## परिच्छेद -३

## छनौटको प्रक्रिया

५. **छनौटका प्रक्रियाः** (१) मन्त्रालयले प्रत्येक वर्ष युवा प्रतिभा सम्मानको आवेदनको लागि राष्ट्रियस्तरको पत्रिकामा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ र सो सूचना मन्त्रालयको वेवसाइटमा समेत राखिनेछ।

(२) उपदफा (१) बमोजिम आवेदन पेश गर्न दिइएको अवधिभित्र आवश्यक संख्यामा आवेदन नपरेमा राष्ट्रियस्तरको पत्रिकामा पन्ध्र दिनको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) कुनै व्यक्ति वा संघ संस्थाले राष्ट्रिय युवा प्रतिभा सम्मान प्राप्त गर्न उपयुक्त देखिएका युवा, युवा समूह वा युवाले नेतृत्व गरेका संस्थाको विवरण, मुख्य-मुख्य योगदान, योगदानलाई पुष्टि गर्ने विवरण (भिडियो, अडियो लगायतका अन्य विवरण) वा तथ्यहरू सहित सूचनामा उल्लिखित म्यादभित्र मन्त्रालयमा दफा ६ बमोजिमको सिफारिससहित अनुसूची-१(क) वा अनुसूची-१(ख) बमोजिमको ढाचाँमा आवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त आवेदन सहितको विवरण मूल्याङ्कनका लागि दफा ७ बमोजिमको समितिमा पेश गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालय आफैंले पनि सार्वजनिक जानकारीमा आएका सूचना, आमसञ्चार माध्यममा प्रकाशित वा प्रसारित समाचार वा जानकारीको आधारमा



CamScanner

राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि युवाको विवरण सङ्कलन गर्न सक्नेछ र संकलित विवरणको पुष्ट्याइका लागि सम्बन्धित निकाय मार्फत थप जानकारी प्राप्त गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम प्राप्त विवरणहरुको आधारमा समितिले दफा ४ को उपदफा (२) बमोजिमको आधारमा मूल्यांकन गर्नेछ।

(७) समितिले दफा ४ को उपदफा (२) बमोजिमको मूल्यांकन तालिकाको आधारमा अधिकतम अंक प्राप्त गर्ने योग्य व्यक्तिहरुलाई युवा प्रतिभा सम्मान प्रदान गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम सिफारिस गर्दा सिफारिसको अन्तिम क्रमाङ्कमा दुई वा दुई भन्दा बढी व्यक्ति वा संस्थाको समान अंक आएमा समितिले दफा ४ को उपदफा (२) बमोजिमको मूल्यांकनका आधारहरुको क्रमसंख्याको प्राथमिकताका आधारमा छनोट गरी सिफारिस गर्नु पर्नेछ।

(९) उपदफा (७) बमोजिम मन्त्रालयबाट स्वीकृत युवा प्रतिभा सम्मान प्राप्त गर्ने व्यक्तिहरु वा संस्थाको नाम मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

६. **सिफारिसः** (१) राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि देहायका मध्ये कुनै एक निकायले सिफारिस गरी पठाउनु पर्नेछः-

(क) सम्वन्धित गाउँपालिका वा नगरपालिका,

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालय,

(ग) विदेशस्थित राजदुतावास वा नियोग।

(२) उपदफा (१) बमोजिम सिफारिस माग गर्न आएमा सिफारिस गरिदिनु उपदफा (१) बमोजिमको निकायको कर्तव्य हुनेछ।

(३) यस दफा बमोजिम सिफारिस गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

७. **राष्ट्रिय युवा प्रतिभा छनौट सिफारिस समितिको गठनः** (१) दफा ५ को उपदफा (३) बमोजिम प्राप्त आवेदनको जाँचबुझ गरी राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने सम्वन्धमा मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक राष्ट्रिय युवा प्रतिभा सम्मान छनौट सिफारिस समिति रहनेछः—

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको सचिव | - संयोजक |
| (ख) | मन्त्रालयको युवा तथा प्रशासन महाशाखाका सहसचिव | - सदस्य |
| (ग) | प्रतिनिधि, राष्ट्रिय युवा परिषद् | - सदस्य |
| (घ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ङ) | मन्त्रालयले तोकेको एकजना विशेषज्ञ | - सदस्य |
| (च) | प्रतिनिधि, गैरसरकारी संस्था महासंघ | -सदस्य |
| (छ) | सम्बन्धित कार्यक्रम हेर्ने शाखाको प्रमुख | -सदस्य-सचिव |

(२) समितिले यस कार्यविधिमा उल्लेख भएबाहेक अन्य कार्यविधि आफैं व्यवस्थित गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि युवा, युवा समूह वा युवा संस्था मध्येबाट बढीमा १० जना/वटालाई सिफारिस गर्नु पर्नेछ।



CamScanner

(५) समितिले उपदफा (४) बमोजिम नाम सिफारिस गर्दा कम्तिमा एक जना विशेष प्राथमिकताको समूह, एक जना प्राथमिकताको समूह, एक जना महिला र एक संस्थाको नाम पर्ने गरी सिफारिस गर्नु पर्नेछ।

८. <u>राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्ने:</u> मन्त्रालयले दफा ७ बमोजिमको समितिले सिफारिस गरेका व्यक्ति, युवा समूह वा युवा संघसंस्थालाई प्रत्येक वर्ष राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्नेछ।

९. <u>युवा प्रतिभा सम्मानको राशी:</u> राष्ट्रिय युवा प्रतिभा सम्मानवाट सम्मानित हुने प्रत्येक युवा, युवा समूह वा युवा संघ संस्थाको लागि सम्मान-पत्र सहित नगद रु. १,००,०००/- (अक्षेरुपी एक लाख रुपैयाँ) उपलब्ध गराइनेछ।

## परिच्छेद -४

## <u>विविध</u>

१०. <u>कार्यविधि संशोधन गर्न सक्ने:</u> मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

११. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. <u>खारेजी र बचाउ:</u> (१) राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०६८ खारेज गरिएको छ ।

(२) राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०६८ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।



CamScanner

## अनुसुची-१(क)
### (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)
### राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि मन्त्रालयसमक्ष आवेदन दिने फारमको ढाँचा (व्यक्तिको हकमा)

मिति:...........................

श्रीमान सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

**विषयः राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि आवेदन गरेको सम्बन्धमा।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयबाट मिति ...................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि तपशिल बमोजिमका विवरण तथा कागजातहरुसहित श्री ...................... को आवेदन दिइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

आवेदन दिने युवा वा युवा समुहको विवरणः

१. नाम, थर- ......................................
२. लिङ्ग
३. मोबाइल नं.
४. ठेगानाः-
(क) स्थायी:प्रदेश.................जिल्ला..................गा.पा./न.पा...............वडानं......टोल..................
(ख) हालको ठेगानाः प्रदेशः .......................जिल्ला..................... गा.पा./न.पा. ..........................
(ग) आवद्ध संस्था भए उल्लेख गर्नेः
५. आवेदन दिनेको क्षेत्र र सो क्षेत्रमा क्रियाशील रहेको अवधिः
६. आवेदन दिनुको कारणः देहायको कुनै एक वा सो भन्दा बढी आधारमा (√) चिन्ह लगाउनेः

| क्र.सं. | मूल्यांकनका आधारहरु | दावी गर्नुको कारण |
|---|---|---|
| क | श्रृजनशीलता, मौलिकता, नवीनता, नवप्रवर्तन तथा अनुकरणीय कार्य | |
| ख | अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा किर्तिमानी कार्य | |
| ग | योगदानले पारेको सामाजिक प्रभाव | |
| घ | योगदानले पारेको आर्थिक प्रभाव | |
| ङ | योगदानले पिछडिएको भौगोलिक क्षेत्रमा पारेको प्रभाव | |
| च | योगदानप्रतिको लगनशीलता र निरन्तरता | |
| छ | प्राथमिकता वा विशेष प्राथमिकताको समुहमा पारेको प्रभाव | |

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, म आवेदक कुनै फौजदारी अभियोगमा दोषी ठहरिएको छैन।

आवेदन दिने व्यक्तिको नाम, ठेगानाः

सहीः

मितिः

**आवेदनका साथ संलग्न गर्नु पर्ने अन्य कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. योगदान दिएको प्रमाणित हुने भिडियो, अडियो लगायतका अन्य विवरण।



CamScanner

## अनुसुची-१(ख)
### (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)
### राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि मन्त्रालयसमक्ष आवेदन दिने फारमको ढाँचा (संस्थाको हकमा)

मितिः..........................

श्रीमान सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

**विषयः राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि आवेदन गरेको सम्बन्धमा।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयबाट मिति ..................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि तपशिल बमोजिमका विवरण तथा कागजातहरुसहित श्री ...................... को आवेदन दिइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

आवेदन दिने संस्थाको विवरणः

१. नाम- .....................................
२. मोबाइल नं.
३. ठेगानाः
स्थायीःप्रदेश.................जिल्ला..................गा.पा./न.पा...............वडानं.......टोल..................
(क) हालको ठेगानाः प्रदेशः .......................जिल्ला..................... गा.पा./न.पा. ...........................
४. आवेदन दिनेको क्षेत्र र सो क्षेत्रमा क्रियाशील रहेको अवधिः
५. आवेदन दिनुको कारणः देहायको कुनै एक वा सो भन्दा बढी आधारमा (√) चिन्ह लगाउनेः

| क.सं. | मूल्यांकनका आधारहरु | दावी गर्नुको कारण |
|---|---|---|
| क | श्रृजनशीलता, मौलिकता, नवीनता, नवप्रवर्तन तथा अनुकरणीय कार्य | |
| ख | अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेको उल्लेख्य योगदान वा किर्तिमानी कार्य | |
| ग | योगदानले पारेको सामाजिक प्रभाव | |
| घ | योगदानले पारेको आर्थिक प्रभाव | |
| ङ | योगदानले पिछडिएको भौगोलिक क्षेत्रमा पारेको प्रभाव | |
| च | योगदानप्रतिको लगनशीलता र निरन्तरता | |
| छ | प्राथमिकता वा विशेष प्राथमिकताको समुहमा पारेको प्रभाव | |

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, म आवेदक प्रचलित कानून बमोजिम कुनै कालोसूचीमा परेको छैन।

आवेदन दिने संस्थाको नामः
आधिकारिक व्यक्तिको नामः
दर्जाः
सहीः
मितिः

| छाप |
|---|
| |

**आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१. प्रचलित कानून बमोजिम दर्ता भई अद्यावधिक/नवीकरण भएको,
२. नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहलाई वुझाउनुपर्ने कर लगायत अन्य दायित्व पुरा गरेको अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,
३. कम्तिमा दुई वर्ष क्रियाशील रहेको प्रमाणपत्र,
४. योगदान दिएको प्रमाणित हुने भिडियो, अडियो लगायतका अन्य विवरण।



CamScanner

## अनुसुची-२

### (दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

### राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि सिफारिस गर्ने फारमको ढाँचा

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

**विषयः राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि सिफारिस गरेको सम्बन्धमा।**

युवा तथा खेलकुद मन्त्रालयवाट मिति ...................... मा प्रकाशित सार्वजनिक सूचना अनुसार राष्ट्रिय युवा प्रतिभा सम्मानको लागि ....................गाउँपालिका/महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका, वडा नं....., जिल्ला.........................मा स्थायी बसोबास भएका वर्ष........का.........................क्षेत्रमा योगदान पुर्याएका श्री................................ लाई सिफारिस गरिएको छ।

आधिकारिक व्यक्तिको नामः

दर्जाः

सहीः

मितिः

| छाप |
| --- |
| |



CamScanner